# सुन्दरहरैँचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

### सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत पूर्वाधार/सडक उपयोग शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

( प्रथम पटक प्रकाशित मिति २०८१/०२/१७ गते)

यस नगरपालिकाले आ. व. २०८१/०८२ का लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम यस कार्यालयको मिति २०८१/०२/१३ गतेको निर्णयानुसार पूर्वाधार/सडक उपयोग शुल्क असुली गर्ने कार्यका लागि विद्युतीय / HARD COPY को माध्यमबाट ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व ०२/०८१/८२ | सडक पुर्वाधार उपयोग शुल्क | संघिय सरकार र प्रादेशिक सरकारको मातहतमा रहेका सडक वाहेकका सुन्दरहरैँचा नगरपालिकाले निर्माण गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरु | रु. ५०,००,०००।०० अक्षेरुपी पचास लाख मात्र। |

**शर्तहरु:-**

१. बोलपत्र फारम दस्तुर रकम रु. ३०००/- अक्षेरुपी तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. माथि उल्लेखित ठेक्कामा अशुल गर्ने शुल्कको दर सुन्दरहरैँचा नगरपालिकाले तोके अनुसार हुनेछ।

३. ठेक्काको अवधि आ.व.०८१/८२ मा सम्झौता भएको मिति देखि २०८२ आषाढ मसान्त सम्म मात्र हुनेछ।

४. विद्युतीय माध्यमबाट बोलपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित बोलपत्र फारम भरी पेश गर्नु पर्ने तथा फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाणपत्र, बोलपत्र फारम खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रका साथ कबोल अंकको ५ प्रतिशतले नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन मान्यवधी भएको मान्यता प्राप्त बैकको बैंक जमानत समेत को सक्कलै कागजात/भौचर www.bolpatra.gov.np/egp. मा अपलोड गर्नु पर्नेछ।
   - क) विद्युतीय माध्यमबाट वोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०३/१६ गते दिनको १२.०० बजे।
   - ख) बोलपत्र खोल्ने मितिः२०८१/०३/१६ गते दिनको १.०० बजे।
   - ग) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ।

५ HARD COPY को माध्यमबाट बोलपत्र कागजात खरिद गर्ने अन्तिम मिति, समय र स्थानः
   - क) मितिः २०८१/०३/१४ गते।
   - ख) समयः दिनको ३.०० बजे। (कार्यालय समय भित्र)।
   - ग) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ।

६ HARD COPY को माध्यमबाट बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थानः
   - क) मितिः २०८१/०३/१६ गते।
   - ख) समयः दिनको १२.०० बजे।
   - ग) वोलपत्र खोलिने मितिः २०८१/०३/१६ गते दिनको १.०० बजे।
   - घ) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ।

७ बोलपत्र पेश गर्दा यसै सूचनाको बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु सहित पेश गर्नुपर्नेछ।

८ यदी बोलपत्रमा कुनैपनी प्रकारको संसोधन गर्नुपरेमा सुन्दरहरैँचा नगरपालिकाको वेवसाईड www.sundarharaichamun.gov.np र www.bolpatra.gov.np/egp. मा सूचना जारी गरिनेछ।

९ बोलपत्र खोल्दा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे बोलपत्र खोलिने छ।

१० कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

११ ठेक्का कबोल रकम सम्झौता अगावै एकमुष्ठ बुझाएमा भ्याट बाहेकको कबोल अंकको १०% रकम छुट दिइनेछ।

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

१२ कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौता अगावै आन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको सक्कलै बैंक भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ ।

१३ एकमुष्ट ठेक्का रकम सम्झौता अगावै नबुझाई सम्झौता गर्ने भएमा कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता अगावै यस कार्यालयमा बुझाएको हुनुपर्ने र बाँकी ६० प्रतिशतको हकमा मिति २०८१ फाल्गुन ससान्त सम्म समयावधी भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ र सो ६० प्रतिशत बराबरको रकम २०८१ माघ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१४ ठेक्का सम्झौताकर्ताले पेश गरेको बैंक जमानत बमोजिमको ६०% रकम २०८१ माघ मसान्त सम्ममा यस कार्यालयमा नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैक जमानत जफत समेत गरी असुल उपर गरिनेछ ।

१५ ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन ।

१६ बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानवीय विपद्‌का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन ।

१७ एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन ।

१८ नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्री र यात्रुलाई आधार मानी पुनः सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काट्न पाइने छैन । यो शर्त नयाँ यात्रु र नयाँ सामाग्रीमा पुनः शुल्क लिन बाधा हुने छैन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारिक नियोग, कुटनीतिक निकाय लगायतका सार्वजनिक सवारी साधन तथा विद्यालयका सवारी साधनहरु, दुध तथा पानी बोकेका सवारी साधन, व्यक्तीका निजी सवारी साधन, अटो लगायतका तिन पाङग्रे सवारी साधन एवम् अत्यावश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सरसफाई, सब बहान, दमकल लगायत) लाई शुल्क लिन पाइने छैन । मार्केटिङ्गमा प्रयोग भएका सवारी साधनहरुलाई प्रमाण पत्रको आधारमा दिनमा एक पटक मात्र कर लिनु पर्नेछ । यस नगरपालिकामा दर्ता भई बार्षिक सवारी कर तिरी संचालनमा रहेका ई-रिक्साहरुको हकमा शुल्क लिन पाईने छैन । तर यस नगरपालिकामा दर्ता नभई बार्षिक सवारी कर नतिरी संचालन भएका ई-रिक्साको हकमा तोकिएको शुल्क लिन बाधा पर्ने छैन ।

१९ यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत